अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित

**श्री सुनपुर सामुदायिक वन उपभोक्ता समूह**

**घोराही उपमहानगरपालिका वडा नं. ४, सुनपुर, दाङ**

## खयर गोलिया काठ बोलपत्र लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०९/१२**

श्री सुनपुर सामुदायिक वन उपभोक्ता समूह, घोराही उपमहानगरपालिका वडा नं. ४, सुनपुर, दाङको घाटगद्दीमा रहेको खयर जातको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, सस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन सम्म शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिएको छ ।

<u>तपशिल</u>

१. वन पैदावारको विवरण

| वन पैदावारको | | | | | | न्यूनतम रु. | | जम्मा संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | एकाई | जम्मा | | दररेट | मूल्य | |
| | | | | थान | परिमाण (क्यू.फि.) | | | |
| १ | खयर | गोलिया | क्यू.फि. | १४३१ | १०२६.४८ | १०००.०० | १०२६४८०.०० | १५३९७२.०० |
| लटको जम्मा | | | | १४३१ | १०२६.४८ | १०००.०० | १०२६४८०.०० | १५३९७२.०० |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८१/१०/०३ गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८१/१०/०४ गते (ख) समय १२:०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लिमिटेड घोराही शाखामा रहेको समूहको ०२७०१०००२६८५४३००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फाराम प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सुनपुर सामुदायिक वन उपभोक्ता समूह घोराही उ.म.न.पा. वडा नं. ४, भकारेमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

अध्यक्ष

Scanned with CamScanner

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा फर्म सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी लगायतका आवश्यक कागजातहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/१०/०४ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्र सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनुपर्नेछ । प्रतिलिपी, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन् ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सुनपुर सामुदायिक वन उपभोक्ता समूह घोराही उ.म.न.पा.-४ सुनपुर, दाङ

अगन्( शर्मा

अध्यक्ष

Scanned with CamScanner